




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख ५ गते सोमबार ❑ 18 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## विश्व शान्ति कायम गर्न हिन्दु राज्य आवश्यक: शंकराचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

पोखरा २२ स्थित पुम्दी भुम्दीको पुम्दीकोटमा आइतबारदेखि महायज्ञ सुरु भएको छ । पुम्दीकोट कोट विकास समितिको आयोजनामा यही वैशाख १२ गतेसम्म संचालन हुने उक्त महायज्ञको उद्घाटन उर्ध्वाम्नाय श्री काशी सुमेरु पीठाधीश्वर जगतगुरु शंकराचार्य स्वामी नरेन्द्रनन्द सरस्वती जी महाराजले गरेका हुन् ।



कार्यक्रममा बोल्दै उनले विश्वमा शान्ति कायम गर्न सनातन धर्मले महत्वपूर्ण भुमिका खेल्ने बताउदै नेपाल जस्तो देश हिन्दु राज्य हुन आवश्यक भएकोमा जोड दिए । केही समय अघि नेपाल हिन्दु राज्य भएको उल्लेख गरेका उनले नेपालको राजनीतिक परिवर्तनले गर्दा हाल नेपालमा अझै दिगो शान्ति कायम हुन नसकेको शंकराचार्यको भनाई थियो । ८५ प्रतिशत हिन्दु धर्म मान्ने व्यक्तिहरु भएको देश नेपाल नेपाल हिन्दु राज्य हुँदा संसारबाट नेपालको छुट्टै पहिचान भएको शंकराचार्यले बताए । शान्ति सन्तुलन कायम गर्न पनि सनातन धर्म आवश्यक भएको उनको भनाई थियो । विश्वमा शान्तिको सन्देस दिनका लागि सनातन धर्म र हिन्दु धर्मले महत्वपूर्ण भुमिका खेल्ने शंकराचार्यले जनाए ।

पोखरा महानगरपालिकाका वडा नम्बर २२ का वडा अध्यक्ष मित्रलाल बरालले उक्त बिशाल महादेव मुर्ति निर्माण परियोजना सम्पन्न गर्न सवै सहयोग आवश्य भएको बताए । ब्रह्मकुमारी इश्वरीय बिश्वबिद्यालय पार्दी शाखाकी अप्सरा दिदीले पछिल्लो समयमा मानिसले आफ्नो धर्म संस्कृति भुल्दै गएकोमा चिन्ता व्यक्त गरिन् । यस अघि पोखरा महानगरपालिका वडा नम्बर २२ को वडा कार्यालय अगाडीबाट शोभा यात्रा सुरु भएको र्‍याली, धारापानी, स्वाँरा, लुकुन्स्वारा, डाँडाथोक हुदै महायज्ञ स्थलमा पुगेर समापन भएको प्रकाश बरालले बताए । र्‍यालीमा ओम शान्तिका पदाधिकारी, विकास मुलक आमा समुह, ढलेपिपल आमा समुह, संकल्प आमा समहु( पार्दी), वासपानी आमा समुह, घुम्ती आमा समुह लगायतका आमा समुहरुको सहभागिता रहेको थियो । पुम्दीकोट बिशाल महादेवको मुर्ति परियोजना अन्र्तगत अधुरा कार्य सम्पन्न गर्न र समितिको करिब ३ करोड ७५ लाख ऋण भएकोले उक्त भुक्तानी गर्नको लागि पनि पुनः दोश्रो पटक महायज्ञ आयोजना गरिएको समितिका अध्यक्ष चन्द्रकान्त बरालले बताए । परिमार्जीत परियोजना अर्न्तगत सुमेरु पर्वत नामाकरण गरी कुमार, पार्वतीको मुर्ति स्थापना गर्ने, भुमेश्वर महादेव देखि सुमेरु पर्वतसम्म बिद्युतीय चियर कार निर्माण गर्ने, गृनरी पार्क निर्माण गर्ने, व्यबस्थित पार्किङ स्थल निर्माण गर्ने लगायतका परियोजना रहेको अध्यक्ष बरालले बताए । ४० करोडको उक्त परियोजना अर्न्तगत ५१ फिट अग्लो महादेवको मुर्ति, ३१ फिट अग्लो बिशाल डम्मरु, बिशाल महादेवको बिशाल क्षेत्र कुण्ड(गंगा पोखरी), १ सय ८ स्वर्गद्धारी सिढि निर्माण भएको उनले जनाए । त्यसै गरी एक सय ८ धारा सडित तेश्रो आँखा, २ सय १६ शिव लिंग, शिव ताण्डव नृत्य हल, अन्तराष्ट्रिय ध्यान केन्द्र, मनोरेलद्धारा गणेश परिक्रमा, फुलमाला बिक्रिको लागि ४१ वटा सटर, कम्पाउण्ड वाल, प्रशासकिय भवन, सौचालय लगायतका भौतिक संचरना निर्माण भएको अध्यक्ष बरालले बताए । उक्त परियोजनाको करिब ५० प्रतिशत काम सकिदा करिब २० करोड लगानी भएको उनले जनाए । ९ दीन चल्ने महायज्ञमाबाट करिब ६ करोड रुपैया संकलन गर्ने लक्ष्य राखिएको छ भने उक्त महायज्ञ सम्पन्न गर्न करिब ७० लाख खर्च लाग्ने भएको अध्यक्ष बरालले बताए । मुख्य बाचकको रुपमा भागवत भाष्कर युवा पण्डित कमलनयन गौतम रहेका छन् । बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म कथा प्रबर्चन, झाँकी प्रर्दशन गरिने भएको समितिका उपाध्यक्ष हिमलाल बरालले बताए । यस अघि २०७३ फागुन ३ देखि १३ गतेसम्म संचालन भएको महायज्ञबाट ६ करोड २८ लाख नगद सहित २० रोपनी जग्गा प्राप्त भएको समितिले जनाएको छ । पर्यटन प्रबर्द्धनको लागि पुम्दीकोट बिशाल महादेव मूर्ति निर्माण हाम्रो अठोट, समृद्दि र विकास, बेरोजगार र विदेश पलायन हुनेहरुका लागि निकास भन्ने नाराका साथ आयोजना हुने महायज्ञमा पोखराको मुख्यबजारबाट महोत्सव स्थलसम्म जान आउनको लागि निशुल्क बस सेवाको व्यबस्था गरिएको अध्यक्ष बरालले बताए ।

## जीप दुर्घटनामा परी ५ जनाको मृत्यु, ६ को पोखरामा उपचार हुदैं

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, ४ बैशाख**

स्याङ्जाको वालिङमा भएको जीप दुर्घटना परी आमाछोरा सहित ५ जनाको मृत्यु भएको छ ।

वालिङ नगरपालिका १२ सिर्सेकोटबाट वालिङ १३ को बाँयटारी बजार तर्फ जाँदै गरेको ग १ ज ७३९९ नम्वरको महिन्द्रा जीप वालिङ १२ को फिरफिरेमा दुर्घटना हुँदा उनीहरुको मृत्यु भएको हो ।



दुर्घटनामा परी मृत्यु हुनेमा वालिङ् नगरपालिका १२ डाँडाखर्कका २५ बर्षिय शर्मिला सारु र उनको ७ महिनाको छोराको मृत्यु भएको छ । सोही ठाँउका ६५ वर्षका बिरबहादर डाला मगर, वर्ष ४५ की हिराकुमार डाला, वालिङ नगरपालिका १४ की वर्ष ६१ की कुलकुमारी कनौचे रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी ४ जनाको घटनास्थलमा नै र एक जना बालकको उपचारका लागि अस्पताल ल्याउदै गर्दा बाटोमै ज्यान गएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा परी गम्भिर घाईते भएका ६ जनाको गह्रौं प्राथमिक अस्पताल वालिङमा प्रथामिक उपचार पछि थप उपचारका लागि पोखरा पठाइएको जिल्ला प्रहरी कार्यालयका सुचना अधिकारी प्रहरी निरिक्षक पदमराज थापाले जानकारी दिए । दुर्घटनामा परी गम्भिर घाईते हुनेमा वर्ष ६० का अंगबहादुर डाला, ५७ का दलबहादुर डाला, वर्ष ५५ की मायाकुमारी सारु, ३५ का योगेन्द्र थापा, वर्ष १९ की लक्ष्मी डाला र वर्ष १८ की नविना सारु रहेको जिल्ला ट्राफिक कार्यालय स्याङ्जाले जनाएको छ । ओरालो सडकमा ब्रेक फेल भएर जिप दुर्घट्ना भएको प्रहरीको अनुमान छ ।

जीप सडकबाट झण्डै २ सय मिटर तल झरेर चिलाउनेको रुखमा अड्किएको वडा प्रहरी कार्यालय वालिङका प्रमुख प्रहरी नायव उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिए । जिपमा ११ जना सवार रहेका बताईएको छ ।

## पल शाह प्रकरण : पीडितले बयान फेरिन्

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

जबर्जस्ती करणीको अभियोगमा थुनामा रहेका कलाकार पल शाहविरुद्ध पीडित भनिएकी नाबालिगले तनहुँ जिल्ला अदालतमा बयान फेरेकी छिन् । तनहुँ अदालतमा आज भएको बकपत्रमा पीडितले बयान फेरेकी हुन् ।



जबर्जस्ती करणीको अभियोगमा थुनछेक बहसपछि कलाकार शाह पुर्पक्षका लागि थुनामा छन् । अदालतले आइतबार पीडित र साक्षीको बकपत्र लिएको छ। गत चैत १० गते शाह पुर्पक्षका लागि थुनामा गएपछि तनहुँ अदालतको आदेश बदर गर्न माग गर्दै उच्च अदालत पोखरामा निवेदन दर्ता भएको छ ।

तनहुँ अदालतका इजलास अधिकृत कृष्ण गौतमले पल शाह प्रकरणमा आइतबार बकपत्र लिने काम भएको जानकारी दिनुभयो ।

## सरकारको निर्णयविरुद्ध निलम्बित गभर्नरद्धारा सर्वोच्चमा रिट

**रासस**
**काठमाडौं ४ बैशाख**

नेपाल राष्ट्र बैंकका गभर्नर (निलम्बित) महाप्रसाद अधिकारीले मन्त्रिपरिषद्को निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको छ ।

बिना जानकारी र बिना स्पष्टीकरण आफूमाथि छानबिन गर्ने भनेर सरकारले समिति गठन गरेको उल्लेख गर्दै उक्त निर्णय खारेजीको माग रिट निवेदनमा गरिएको छ । सर्वोच्च अदालतका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## प्रशिक्षक संघको अध्यक्षमा राजेन्द्र तामाङ निर्वाचित

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

नेपाल फुटबल प्रशिक्षक संघको अध्यक्षमा पोखराका फुटबल प्रशिक्षक राजेन्द्र तामाङ निर्वाचित हुनु भएको छ । चितवनको सौराहामा हालै सम्पन्न भएको अधिवेशनबाट पूर्व राष्ट्रिय तथा ए.एफ.सी. (ए) लाइसेन्स प्राप्त तामाङ अध्यक्षमा निर्विरोध निर्वाचित भएको संघले जनाएको छ । संघको उपाध्यक्षमा यम प्रसाद गुरुङ, सुरेन्द्र बहादुर



तामाङ र समिर नेम्कुल निर्वाचित भएका हुन भने सदस्यहरुमा अर्जुन चौधरी,मन्जित पुन,सनोज श्रेष्ठ, बिमन श्रेष्ठ, रामचन्द्र थापा, बिजय श्रेष्ठ,धनेश्वर प्रजापति, सरोज श्रेष्ठ, बिनोद महर्जन, अनिल तामाङ र महिला सदस्यमा भगवती रानामगर निर्वाचित भए ।

निर्वाचित सदस्य सबै निर्विरोध चुनिएका हुन् । अखिल नेपाल फुटबल संघ (एन्फा) को निर्वाचन अघि प्रशिक्षक संघले अधिवेशन गरेको हो ।

एन्फाको निर्वाचन आगामी असार ६ गते हुने भएको छ । एन्फा निर्वाचनमा प्रशिक्षक संघलाई १ मताधिकार रहेको छ ।




# नाईन ए साईड भेट्रान फुटबल प्रतियोगिता जारी

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

युवा तथा खेलकुद मन्त्रालय गण्डकी प्रदेशको आयोजनामा पोखरा रंगशालामा सञ्चालित राष्ट्रिय नाईन ए साईड फुटबल प्रतियोगिता जारी रहेको छ । आईतबार ४ खेल सम्पन्न भएका छन् ।

पोखराको बगर भाइखलकले काठमाडौंको जोरपाटीलाई ४-२ गोल पराजित गर्‍यो । मनोज गुरुङले २ र ४७ औं मिनेटमा गोल गरे । गंगा तामाङले ४३ र दिपक पुनले बगर भाइखलकका लागि १२ औं मिनेटमा गोल गर्दै सहज जित दिलाए । सजिन लामाले ३९ र रन्जित लामाले ५१ औं मिनेटम ा गोल गरेका थिए ।

चितवन भेट्रानले पोखराको संगम क्लब एलाई ३-०को नजिताले पराजित गरेको छ । विरेन्द्रबहादुर पाण्डेले खेलको १० औं मिनेटमा गोल गरे । सुरेन्द्र चौधरीले २० औं मिनेटमा दोब्बर बनाए । भरत गुरुङले खेलको ४० औं मिनेटमा गोल गर्दै फराकिलो अन्तरको जित सम्भव बनाए । खेलमा राजेन्द्रकुमार श्रेष्ठ प्लेयर अफ दि म्याच घोषित भए ।

मनाङ मर्स्याङ्दी क्लबलाई पन्छाउँदै पोखराको संगमी बीले सेमिफाईनल सुरक्षित गर्‍यो । खेलको ४४ औं मिनेटमा विजय गुरुङले गोल गर्दै मनाङलाई १-० गोलले पराजित गरेको थियो । उनी खेलमा प्लेयर अफ दि म्याच घोषित भए । अन्ति खेलमा सानो गौचरनले काठमाडौंको फ्रिडम फाईटरलाई पेनाल्टी सुटआउटमा ४-३ गोल अन्तरले पराजित गर्दै अन्तिम चारमा स्थान बनाएको छ ।

निर्धारित समयमा २-२ गोलमा टुंगिएपछि निर्णय पेनाल्टी सुटआउटमा गरिएको थियो । पेनाल्टी सुटआउटमा नेपाली राष्ट्रिय फुटबल टोली पूर्व कप्तान थापाको पेनाल्टी बचाउ भएको थियो । नितिन गुरुङ, शुक्र तामाङ, यमु राना र जगत लामाको प्रहार गोलमा परिणत भएपछि सानो गौचरनले जित पक्का बनाएको थियो । फ्रिडम फाईटरका लागि राजकुमार घिसिङ, रमेश गुरुङ, विष्णु सुनारले पेनाल्टी सदुपयोग गरे । तर विक्रम श्रेष्ठ र मिलन राईको प्रहारले जाली चुम्न नसकेपछि फ्रिडम फाईटर बाहिरिन पुग्यो । निर्धारित समयमा सानो गौचरनका लागि तेजबहादुर गलामीले ३८ र ४१ औं मिनेटमा गोल गरे । फ्रिडमका लागि मिलन राईले पेनाल्टीमा गोल गर्दै दिलाएको अग्रतालाई विक्रम श्रेष्ठले ३० औं मिनेटमा अर्को गोल थपे । सेमिफाईनलमा पोखराको संगम बीले बगर भाइखलकसँग प्रतिस्पर्धा गर्ने छ भने चितवन भेट्रानले सानो गौरचनसँग खेल्ने प्रतियोगिताका संयोजक दिलबहादुर गुरुङले जानकारी दिए ।

# यनाईटेड क्लवको आयोजनामा सेती खोंचमाथी बृहत बहस

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

युनाईटेड क्लवको १२ औ वार्षिकोत्सवको अवसर पारी पोखरामा सेती खोंच एक पर्यटकीय गन्तब्य विषयक अन्तरत्रिया कार्यक्रम सम्पन्न भएको छ ।



स्थापना कालदेखि पोखरामा शिक्षा, स्वास्थ्य, खेलकुद, पर्यटकीय गन्तब्यका लागि खुल्ला चिडियाखाना निर्माणको अवधारणा सहित सेती नदी संरक्षण र विपद ब्यवस्थापनमा काम गर्दै आइरहेको युनाईटेड क्लवले वार्षिकोत्सवको पूर्व सन्ध्यामा साताब्यापी कार्यक्रम अन्तर्गत तेश्रो दिन सेती नदी खोंच एक पर्यटकीय विषयक वृहत अन्तरक्रियाको आयोजना गरेको हो । अन्तरक्रिया कार्यक्रममा वोल्दै वातावरण विद, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त योजनाका सदस्य माननीय जुद्ध बहादुर गुरुङले युनाईटेड क्लव संग १० वर्षदेखी नजिक रहेको र क्लवले शुरुमा चिडियाखानाको अवधारणा ल्याउदा आफुलाई विश्वास नलागेको र पछि क्लवले दृढ संकल्प र इच्छा शक्ति बाट आफु प्रभावित बनेको वताए । चिडियाखाना निर्माणको क्रममा आफुले पनि सल्लाह सुझाव दिएको र अहिले सात वटै प्रदेशमा चिडियाखाना निर्माण गर्ने राज्यको नीति बनेको वताउदै यसको श्रेय पनि युनाईटेड क्लवलाई नै जाने उनको भनाइ रहेको थियो । सेती नदीको गल्छीले पनि क्लवको पहलमा छिट्टै एक साहसिक पर्यटकीय गन्तब्य बन्नेमा विश्वस्त रहेको वताउदै आफ्नो तर्फबाट गर्नुपर्ने सहयोग गर्ने वताउदे राज्यले गर्नुपर्ने काम क्लव स्तरबाट शुरु भएकोले युनाईटेड क्लव परिवारलाई धन्यवाद ब्यक्त गरे । प्रमुख वक्ता भुगोलविद प्रा. डा. कृष्ण केसीले अन्नपूर्ण हिमाल देखी तनहुको भिमाद सम्मको वृत्तचित्र प्रस्तुत गर्दै सेती गल्छीलाई साहसिक पर्यटकीय गन्तब्यको रुपमा बिकास गरी उक्त ठाउलाई भुगोलको विद्यार्थीलाई अध्ययन केन्द्रको रुपमा बिकास गर्न सकिने वताए । कोही कसैले चासो नदेखाएको सेती गल्छीको बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गरेकोमा क्लव परिवारलाई केसीले धन्यवाद ब्यक्त गर्दै आगामी दिनमा आफुले समेत सेती नदीको गल्छीलाई पर्यटकीय गन्तब्य निर्माण गर्ने काममा साथ र सहयोग गर्ने प्रतिबद्धता समेत ब्यक्त गरे । क्लवका संस्थापक अध्यक्ष हिमालय बखेलले युनाईटेड क्लवको पहलमा पोखरामा खुल्ला चिडियाखाना निर्माणको कार्य सुरु भइसकेको र हाल निर्माणकार्य जारी भइरहदा क्लवले लिएको अर्को उद्देश्य सेती नदी संरक्षण संगै सेती नदीलाई एक उत्कृष्ट पर्यटकीय गन्तब्य निर्माण गर्नका लागी सानो पहलकदमी थालनी स्वरुप अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको वताउदै आगामी दिनमा पोखराको बीच भागबाट बग्ने सेतीनदीलाई कुनैपनि हालतमा उत्कृष्ट पर्यटकीय गन्तब्य निर्माण गर्न आफुहरुले कुनैपनि कसुर बांकी नराखी सम्बन्धित निकाय संग समन्बय गरेर अगाडी वढ्ने वताए ।

क्लवका अध्यक्ष राजु श्रेष्ठले युनाईटेड क्लवले पोखरामा युनाईटेड क्लवको पहलमा जसरी चिडियाखानालाई एउटा प्रकृयाबाट प्रदेश सरकारलाई जिम्मा लगाइ डिभिजन बन कार्यालय कास्कीको मातहतबाट सञ्चालनको कार्य भएको छ त्यसरीनै सेती गल्छीलाई पनि यसको सम्भाब्यता अध्ययन गरी एक साहसिक पर्यटकीय गन्तब्यको रुपमा बिकास गर्ने क्लवको उद्देश्य रहेको वताए ।

क्लवका सचिव दिनेश सुनारले सञ्चालन गरेको कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रममा प्रा.डा. ईन्द्र तिवारी, प्रा.डा.कृष्ण प्रसाद पौडेल, भूगर्वविद सोमनाथ सापकोटा, सह प्रध्यापक रामजी पोखेल, नागरिक समाजका अभियनता राम बहादुर पौडेल, यूवा ब्यवशायी तथा पर्यटनकर्मी अनिल थापा म समेतले आफ्नो धारणा राखेका थिए ।

# गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल वैशाख ८ गतेदेखि सञ्चालन गरिने

**रासस**
**काठमाडौं, ४ बैशाख**

निर्माण कार्य सम्पन्न भई व्यावसायिक उडानको पर्खाइमा रहेको भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको नयाँ धावनमार्ग यही वैशाख ८ गतेदेखि सञ्चालनमा ल्याइने भएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको नयाँ धावनमार्ग चाँडो सञ्चालनमा ल्याउन निर्देशन दिएसँगै नेपाल नागरिक उड्डयन प्राधिकरणले सञ्चालनमा ल्याउने गरी काम भइरहेको जनाइएको छ ।

# सरकारको...

प्रवक्ता विमल पौडेलका अनुसार निलम्बित अधिकारीले सरकारको निर्णयविरुद्ध ल्याएको रिट निवेदन दर्ता भएको छ । आज अलि ढिला दर्ता भएको हो । सुनुवाइ मङ्गलबार हुनेछ । सरकारले सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको नेतृत्वमा जाँचबुझ समिति बनाएर स्वतः निलम्बन गर्ने निर्णय गरेको थियो । छानबिन समितिको उक्त निर्णय खारेज गर्न रिट निवेदनमा माग गरिएको छ । मन्त्रिपरिषद्को गत चैत २५ गते बसेको बैठकले अधिकारीमाथि छानबिन गर्न जाँचबुझ समिति गठन गर्ने निर्णय गरेको थियो ।

# व्यवस्था बदलियो, अवस्था बदल्न माओवादीमा मतदान- नेता थापा

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, ४ बैशाख**

नेकपा (माओवादी केन्द्र) का नेता तथा गण्डकी प्रदेश सरकारका वन, वातावरण तथा भू संरक्षण मन्त्री दीपक थापाले परिवर्तनलाई सँस्थागत गर्न र वदलिएको व्यवस्था बमोजिम अवस्था बदल्न माओवादी लगायतका गठबन्धनमा आवद्ध दलले स्थानीय निर्वाचन जित्नुपर्ने बताउनुभएको छ । उहाँले जनताको दुःखले ल्याएको परिवर्तन अझै पनि प्रतिगमनकारी शक्तिहरुबाट खतरामा रहेको जनाउँदै जनता चनाखो हुनुपर्ने पनि बताउनुभयो ।




माओवादीको युवा संगठन योङ कम्युनिष्ट लीग (वाईसिएल) नेपाल गल्याङ् नगर कमिटिको भेलालाई सम्बोधन गर्दै उहाँले स्थानीय तहको निर्वाचनले देश र जनताको भविष्य कोर्ने बताउँदै यो चुनावमा जनताले असली देशभक्त र विकास प्रेमी पार्टी तथा उम्मेदवारलाई निर्वाचित गर्नुपर्ने बताउनुभयो । निर्वाचन नजिकिँदै जाँदा प्रगतिशित, लोकतान्त्रिक शक्ति र प्रतिगमनकार शक्तिबिच तीव्र ध्रुवीकरण भईरहेको बताउँदै उहाँले प्रतिगमनकारी शक्तिले पराजय नभोगेसमम देशको अवस्थामा परिवर्तन हुन नसक्ने दावी समेत गर्नुभयो । अहिलेको लडाईं परिवर्तनलाई सँस्थागत गर्ने र परिवर्तनलाई उल्टूयाउन खोज्नेबीचको भएको भन्दै नेता थापाले कुन बाटो रोज्ने हो सचेत जनताले अब सोच्ने बेला आएको बताउनुभयो । पार्टीका गल्याङ् नगरपालिका ईन्चार्ज लोकेन्द्र तराङ् थापाले अहिलेको अवस्था निम्त्याउनुभमा मुख्यतया नेकपा एमाले र त्यसका अध्यक्ष केपि शर्मा ओली भएको आरोप लगाउँदै अब जनताले आफ्नो सच्चा दल र सच्चा नेता को हो भन्ने छुट्टाउने बेला भएको बताउनुभयो । हजारौंको बलिदान र त्यागले आएको व्यवस्थालाई निकम्मा बनाएर आफु सर्वशक्तिमान हुने ओलीको सपना नेपालका दलहरुले विफल तुल्याईदिएको भन्दै उहाँले अब एमालेलाई स्थानीय तहमा लुटपाट गर्नबाट बञ्चित गर्ने जिम्मा जनताको हातमा आएको स्पष्ट पार्नुभयो । कार्यक्रममा नेकपा माओवादी केन्द्र स्थाङ्जाका अध्यक्ष प्रकाश न्यौपाने, अखिल नेपाल महिला संघ (क्रान्तिकारी)का केन्द्रीय सदस्य कल्पना अर्याल नगर कमिटि अध्यक्ष सामना थापा लगायतले बोल्नुभएको थियो ।

# पाठ्यक्रममा मुक्तक समावेश अभियानले जिल्ला शिक्षालाई ज्ञापन-पत्र बुझायो

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

नेपाली मुक्तकको उत्थानका लागि क्रियाशील संस्था मुक्तक मञ्च, केन्द्रीय समितिले विद्यालयदेखि विश्वबिद्यालय तहको पाठ्यक्रममा मुक्तक समावेश गरिनुपर्छ भन्दै सञ्चालन गरेको कार्यक्रम 'पाठ्यक्रममा मुक्तक समावेश अभियान' ले आइतबार दवाबमुलक मुक्तक वाचन कार्यक्रम सहित जिल्ला शिक्षा समन्वय इकाई समिति कास्कीलाई ज्ञापन-पत्र बुझाएको छ ।



ज्ञापन-पत्र बुझ्दै प्रमुख डा. नारायण प्रसाद सुवेदीले 'मुक्तक छोटो, प्रभावकारी र निकै लोक प्रिय बिधा रहेता पनि यो केहि हाम्रा कमजोरीहरु कारण पाठ्यक्रममा छुटेको हुन सक्छ । मुक्तक मञ्चले यसरी हाम्रो ध्यानाकर्षण गराईदिएकोमा हामी आभारी छौं । अवस्य पनि अबको पाठ्यक्रम तयार गर्दा यो बिधा नछुट्ने प्रतिबद्धता जनाउन चाहन्छु ।' भन्दै आफु पनि मुक्तक प्रेमी रहेको वताए । पछिल्लो समय साहित्यका विभिन्न विधाहरुलाई विभिन्न तहका पाठ्यक्रम र पठ्यपुस्तकमा समावेश गरी अध्ययन/अध्यापन गरिँदै आएको भएपनि मुक्तक विधालाई पाठ्यक्रममा समावेश गरी अध्ययन/अध्यापन गराउने गरिएको छैन् । मुक्तक मञ्चका केन्द्रीय अध्यक्ष रामजी प्रसाद आचार्य भने 'नेपाली साहित्यकै काव्यविधामा पर्ने मुक्तकले नेपाली भाषा र साहित्यप्रेमी माझ जुन लोकप्रियता पाएको छ, औपचारिक अध्ययन/अध्यापनमा भने यसले त्यति महत्त्व नपाएको महसुस हामीले गरेका छौं ।' 'काव्यको लघुतम विधाका रुपमा सामान्य चिनारी सहित पाठ्यक्रममा समावेश गरिएको भए पनि मुक्तककै सिद्धान्त तथा मुक्तकलाई भने समावेश नगरिएको अवस्थामा विद्यालयदेखि विश्वविद्यालय तहसम्मका पाठ्यक्रममा क्रमशः मुक्तकको सैद्धान्तिक तथा रचनागत रुपमा समावेश गरियोस् भन्ने हेतुले मुक्तक मञ्च, पोखराद्वारा चरणबद्ध रुपमा यो अभियानलाई अघि बढाएको सर्वविदितै छ । आफ्नो अभियानलाई प्रभावकारी तुल्याउनका निम्ति पछिल्लो समय दवाबमुलक कार्यक्रमलाई सम्बन्धित निकायमा पुर्याउन नियमित कार्यक्रम गरेको संयोजक नविन भण्डारी बताएका थिए ।

कार्यक्रममा मुक्तक मञ्चका सह-सचिव श्रद्धा आचार्य, भरत पोखरेल, सदस्य गौरव ढुङ्गाना, सौगात तिमिल्सिना एवं अभियानका सदस्य बिष्णु सुबेदी, सम्पुर्ण पौडेल, मधुसूदन न्यौपाने, एस पि असफललगायतले जोडदार रूपमा माग पेश गरेका थिए ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मुलुक निर्वाचनमय

**रासस**
**काठमाडौं, ४ बैशाख (रासस)**

निर्वाचन आयोग र सबै राजनीतिक दलका गतिविधि आगामी स्थानीय तह निर्वाचन केन्द्रित रहेकाले मुलुकको वातावरण निर्वाचनमय बनेको छ। राजनीतिक दलका पछिल्ला प्रत्येक बैठक, छलफल, अन्तर्क्रिया र भेला निर्वाचनसम्बन्धी विषयमा केन्द्रित छ भने आयोगले निर्वाचनका लागि आवश्यक सामग्रीको व्यवस्थापन र तालिम प्रशिक्षण पूरा गरेको छ।

निर्वाचनसम्कन्धी गतिविधि र कार्यक्रम अक केन्द्रबाट प्रदेश हुँदै स्थानीय तहतर्फ उन्मुख भइसकेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो। राजनीतिक दल उम्मेदवार सिफारिसको अन्तिम तयारीमा जुटेका छन् भने निर्वाचन आयोग व्यवस्थापन गरिएको सामग्री र निर्वाचन अधिकृतलाई खटिएका तत्तत् पुऱ्याउने कार्यमा लागिपरेको छ।

आयोगले मुख्य निर्वाचन अधिकृत, निर्वाचत अधिकृत र जिल्ला निर्वाचन अधिकारीका लागि मुलुकका आठ स्थानमा निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिसकेको छ। प्रशिक्षण विराटनगर, धुलिखेल, पोखरा र नेपालगञ्ज चैत ३० र जनकपुर, हेटौँडा, बुटवल र धनगढीमा वैशाख २ गते सम्पन्न भएका हुन्। राजनीतिक दलले पनि यसबीचमा स्थानीय तहमा भेला र प्रशिक्षणका अधिकाश कार्यक्रम पूरा गरिसकेका छन्।

यही वैशाख ३० गते शुक्रवार देशका सबै स्थानीय तहमा एकै चरणमा हुने निर्वाचनका लागि निर्वाचन अधिकृतलाई चैत २९ गतेदेखि लागू हुने गरी आयोगले नियुक्ति दिइसकेको प्रवक्ता पौडेलले जानकारी दिनुभयो। निर्वाचन अधिकृत कार्यक्षेत्रतर्फ प्रस्थान गरी पूर्वतयारीका काममा जुट्ने कार्य ुसुरु भइसकेको छ। दुर्गम जिल्लामा खटिएका कतिपय अधिकृत केन्द्रबाट त्यसतर्फ प्रस्थान गरिसकेको आयोगले जानकारी दिएको छ।

तालिम प्रशिक्षण लिएका निर्वाचन अधिकृतले मुलुकका सबै स्थानीय तहमा यही वैशाख ८ गते विधिवतरूपमा कार्यालय स्थापना गरी सञ्चालनमा ल्याउनुहुनेछ। स्थानीय तह निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालयमा कम्तीमा नौ जनाका हिसाबले मुलुकभर करिब दुई लाखको सङ्ख्यामा कर्मचारी खटिने आयोगले बताएको छ। आयोग, प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घको समन्वय र सहकार्यमा यसबीचमा सञ्चारकर्मीका लागि निर्वाचन आचारसंहितासम्बन्धी प्रदेशस्तरीय प्रशिक्षणसमेत सम्पन्न भइसकेको छ।

परम्परागत पद्धति खर्चिलो र प्रभावकारी नभएको निष्कर्षसहित यसपटक आयोगले मतदाता शिक्षाका लागि विद्युतीय सञ्चारमाध्यम र सामाजिक सञ्जालको अधिकतम् प्रयोगमा जोड दिएको छ। त्यसका लागि आयोगले बेवसाइटलगायतका अन्य सामाजिक सञ्जाल, इ-बुलेटिन प्रयोग, सञ्चालन र प्रकाशनमा ल्याएको छ।

विभिन्न भाषाभाषीमा मतदाता शिक्षासम्बन्धी सूचनामूलक कार्यक्रम सञ्चालन तथा जिल्ला निर्वाचन कार्यालयले स्थानीय एफएम रेडियो, पत्रपत्रिका र टेलिभिजनबाट पनि निर्वाचन शिक्षाको आवश्यक प्रचार-प्रसार गरिरहेको छ। आयोगले मतदाता शिक्षालाई प्रभावकारी तुल्याउन तथा बदर मत प्रतिशत घटाउन मतदानस्थलमा यसपटक दुई दिनअघि मतदाता शिक्षा सूचना केन्द्र स्थापना गरी स्वयंसेविकामार्फत मतदान गर्ने तरिका सिकाउने व्यवस्था गरेको छ। मतपत्रमा दलका चुनाव चिह्न छापिएता पनि आयोगले डमी मतपत्रका आधारमा मात्र मतदाता शिक्षा दिनेछ। वास्तविक मतपत्रमा दल विशेषका मतपत्र हुने भएकाले आयोगले त्यसका आधारमा मतपत्र शिक्षा दिन मिल्दैन। राजनीतिक दलले आफ्ना मतदातालाई मत माग्न जाँदा बढीभन्दा बढी मत कसरी कम बदर हुन्छ भन्ने विषयमा पर्याप्त ज्ञान दिलाउने गरी सिकाउने अपेक्षा आयोगले राखेको छ। आफ्नो पार्टी र उम्मेदवारलाई विजयी गराउनुपर्ने भएकाले मतदाता शिक्षामा सबैभन्दा ठूलो भूमिका राजनीतिक दल र उम्मेदवारकै रहन्छ।

विगतमा निर्वाचन शिक्षाका लागि गरिएको खर्चको तुलनामा कार्यक्रम प्रभावकारी नभएको ठहरसहित यसपटक आयोगले पर्चा, पम्प्लेट छपाइ गरी निर्वाचन शिक्षा नगर्ने नीति लिएको हो। पर्चा, पम्प्लेट कारण वातावरण दूषित हुनुका साथै सहरको शोभासमेत कुरुप हुने भन्दै आयोगले राजनीतिक दललाई पनि आचारसंहिताको परिधिभित्र रही मापदण्डविपरीत झण्डा र पर्चा, पम्प्लेट प्रयोग नगर्न-नगराउन भनेको छ। सामाजिक सञ्जाललगायत विकसित नयाँ प्रविधिको प्रयोग गरी निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित तुल्याउन आयोगले राजनीतिक दल र उम्मेदवारलगायत सबै सरोकारवाला पक्षलाई अनुरोध गर्दै आएको छ। आयोग स्वयं पनि निर्वाचनको प्रचार-प्रसार, सामाजिक पत्रपत्रिका, सञ्जाल र रेडियो, टेलिभिजनका माध्यमद्वारा होस् भन्ने मान्यता राखेर आयोग त्यसतर्फ लागिरहेको छ।

मुलुकको राजधानी, प्रदेश र स्थानीय तहका मुकाममा मात्र नभई वडा, टोल, मेला, भेला, चोक, चिया पसल र घरपरिवारमा समेत स्थानीय तह निर्वाचनसम्बन्धी विषयमा हुने चर्चा र परिचर्चाले निर्वाचनको वातावरण बनाएको छ।

# तटबन्धन गर्न माग

**पोखरापत्र संवाददाता**
**तनहुँ, ४ बैशाख**

मादीसेती नदी किनारस्थित व्यास नगरपालिका-३ देउराली नगर बस्ती जोखिममा परेको छ। नदी कटानले ती क्षेत्रका करिब ४०० घरधुरी जोखिममा पर्ने जनाइएको छ।

सो क्षेत्रमा समयमै तटबन्धन गर्नुपर्ने स्थानीवासीको माग रहेको छ। बस्ती जोगाउन नदीमा तटबन्धन गर्न अतिआवश्यक देखिएकाले नगरपालिकालाई आग्रह गरिएको स्थानीय नमस्ते देउराली युथ क्लबका अध्यक्ष तिलबहादुर थापाले जानकारी दिनुभयो।

स्थानीय नमस्ते देउराली युथ क्लबले मादी नदी किनारमा सेभेन साइड फुटबल खेलमैदानसमेत बनाएका छन्। डोजर लगाएर जग्गा सम्याएर फराकिलो बनाएपछि माटो ल्याएर फिलिङ गरिएको हो। व्यास नगरपालिका कार्यालय र स्थानीयवासीको करिब रु सात लाख आर्थिक सहयोगमा खेलमैदान निर्माण गरिएको उहाँले बताउनुभयो।

उक्त क्षेत्रमा खेलमैदान निर्माण गरिएपछि त्यसक्षेत्रका युवायुवती फुटबल र भलिबल खेलका लागि उत्साहित भएर खेल्न थालेका छन्। खेलमैदान र देउराली नगरका बस्ती नदीले कटान गरी क्षति हुनसक्ने भएकाले समयमै सम्बन्धित निकायले ध्यान दिन आग्रह गरिएको स्थानीय बाबुराम बगालेले जानकारी दिनुभयो।

नदी किनारमा तटबन्धन गरिए खेलमैदान र बस्ती जोगाउन सहयोग पुग्ने विश्वास गरिएको स्थानीयवासी बताउँछन्। व्यक्तिले हडपेर प्रयोग गर्दै आएको सार्वजनिक जग्गा देउराली नगरवासीको सक्रियतामा संरक्षण गरी खेलमैदान निर्माण गरिएको उहाँले बताउनुभयो।

उक्त बस्ती संरक्षणका लागि व्यास नगरपालिका कार्यालयले चासो दिँदै आएको जनाइएको छ। ऋषिङ गाउँपालिका र व्यास नगरपालिकाको बीच भागमा मादीसेती नदी बग्ने गरेको छ। ऋषिङ गाउँपालिका र व्यास नगरपालिकाले समन्वय गरी मादीसेती नदी किनारमा तटबन्धन गर्ने योजना रहेको व्यास नगर प्रमुख बैकुण्ठ न्यौपानेले बताउनुभयो।

# पुनः निर्माण हुँदै गोरेटा

**पोखरापत्र संवाददाता**
**बागलुङ, ४ बैशाख**

दश वर्षअघिसम्म बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराका सबै टोलमा गोरेटो बाटो थिए। गाउँमा सवारी चल्ने सडक विस्तारको लहर चल्यो मानिस र गाईवस्तु ओहोरदोहोर गर्ने गोरेटा बाटो मासिन थाले।

बनेका सडक विस्तार होस् वा नयाँ बन्ने सडक किन नहुन् ? सबैको पहिलो प्रहार बन्यो, गोरेटो बाटो। थोरै भए पनि सार्वजनिक जग्गा पर्ने, पहिलैकै बाटो हुँदै सडक बनाउँदा सहज हुने र बिना स्टिमेट बन्ने सडकका लागि पहिलेकै गोरेटो पदप्रदर्शक बन्ने भएकाले धेरैले त्यसै गरे।

तर अहिले तिनै गोरेटाको अभावमा गाउँले जीवन कष्टकर बन्दै गइरहेको छ। सडक सबैका घर-घरमा पुग्दैन। गाउँमा मेलापात होस् वा जन्ती र मलामी जाँदा होस् हिउँदमा हिलाम्मे र वर्षाको समयमा धुलाम्मे हुने सडकले अहिले पुराना गोरेटाको याद दिलाउँछन्। भीमापोखरामात्रै होइन, बागलुङ जिल्लाभर रहेका अधिकांश वडामा रहेको समस्या हो यो। गोरेटोबाटो मासिँदा गाउँले जीवन प्रभावित भएपछि भीमापोखराले मर्मत तथा निर्माणको अभियान थालेको छ। पछिल्लो दुई वर्षमा चार किलोमिटर बढी गोरेटो बाटो मर्मत तथा निर्माण भइसकेको वडाले जनाएको छ।

"हाम्रो वडाका सबै टोलमा गोरेटो बाटो पुगेको छ, अहिले मर्मत भएको गोरेटो बाटोले मेलापात ओहोरदोहोर गर्न सजिलो छ", स्थानीय सविना शर्माले भन्नुभयो, "पहिलै मास्न हुन्थेन, अहिले भए पनि बनेका छन्।" सडक बनाउँदा गोरेटो काटेर बनेका अग्ला कान्ला र माटो भरिएर बनेको भीमाका स्थानीयवासीले कष्टले यात्रा गर्ने गरेका थिए। अप्ठ्यारो छिचोलेर पुरानो गोरेटोमा पुग्दा मानिसको आवतजावत कम भएकाले गोरेटोमा जङ्गल भरिएको थियो।

"पहिले हामीले डहर भन्थ्यौं, अहिले पदमार्ग भन्ने चलन छ, गोरेटो बाटो नहुँदा जनतालाई सास्ती भएको हामीले देखेका छौं", वडाध्यक्ष विद्यापति शर्माले भन्नुभयो, "सवारी कुद्ने सडकमात्रै सबै कुरा होइन भन्ने लाग्यो, हामीले धेरै गोरेटा बाटो मर्मत र पुनःनिर्माण गरेका छौं।"

सार्वजनिक खरिद ऐनमा कुनै नयाँ संरचना बनाउँदा बनिरहेका पुराना संरचना भत्किएमा नयाँ बन्ने योजनाले नै पुराना संरचना पुनःनिर्माण गर्नुपर्ने व्यवस्था छ। तर उपभोक्ता समितिमार्फत बन्ने सडक हुन् वा निर्माण व्यवसायीले बनाउने सडक, कसैले पनि गोरेटोमा ध्यान दिएको पाइँदैन। "सहरको जस्तो अवस्था गाउँमा हुँदैन, सबै कामका लागि सवारी प्रयोग हुन्छन् भन्ने छैन, पैदल हिँड्न सडकमा कठिन हुन्छ", शर्माले भन्नुभयो, "मेलापात, जन्ती, मलामी, वल्लोगाउँ पल्लोगाउँ गर्ने बाटासमेत नभएकाले हामीले गोरेटो पुनःनिर्माण थालेका हौं।"

प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागी मजदुरको प्रयोग गरेर वडाले गोरेटो बाटो निर्माण गरेको छ। यो कार्यक्रमको परिचालन गर्दा बेरोजगारको सूचीमा रहेका सबैले सहजै काम पनि गर्न सक्ने र परिणाम पनि राम्रो आएको वडाध्यक्ष शर्माको भनाइ छ। धमाधम टोलटोलमा गोरेटो बाटो मर्मत र निर्माणका काम हुन थालेपछि स्थानीयवासी हर्षित छन्।

# माछापुच्छे गाउँपालिका ताखोर गाउँ चिनारी गित सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

गण्डकी प्रदेश माछापुच्छे गाउँपालिका वडा नं ९ ताखोर गाउँ चिनारी तामाङ सेलो बिड्को गित आइतबार युट्युब मार्फत सार्वजनिक भएको छ।

ताखोर गाउँ हुँदै माछापुच्छे हिमाल छोटो दुरीको पैदल यात्रामा जाने गरिन्छ। ताखोर गाउँको सेरोफेरोका पर्यटकीय स्थल भएको हुँदा पर्यटन प्रवर्द्धनको लागि उक्त गाउँको चिनारी गित निकालिएको हो।

माछापुच्छे गाउँपालिका भित्र धेरै गाउँहरु रहेको र उक्त गाउँहरुमा आन्तरिक तथा बाह्य पर्यटनहरु भित्र्याउनको लागि बिभिन्न ठाउँहरुमा होमस्टे पनि खोलिएको छ। विशेष गरि ताखोर गाउँमा तामाङ जातिहरु मात्रै रहेकोले गर्दा 'तामाङ नमुना' बस्ति भनेर पनि नामकरण




गरिएको छ। यस गाउँको छुटै विशेषता रहेको छ। जुन गाउँको विशेषताहरु उक्त गाउँको चिनारी गीतको मध्यमबाट नै उल्लेख गरिएको छ।

पछिल्लो समयमा पश्चिम भेगमा आफ्नो गाउँ-ठाउँको चिनारी गीतहरु धेरै भन्दा धेरै सार्वजनिक भएको छ। कत्तिपय ठाउँहरुमा उक्त गीतको माध्यमबाट नै गाउँ ठाउँ चिनिने भएकोले गर्दा ताखोर गाउँको लागि पनि गाउँ चिनारी गित निकालिएको उक्त गीतको अडियो निर्माता रजनी तामाङले वताइन्।

गीतका कलाकारहरु पहिलो पटक म्युजिक भिडियोमा खेलेका हुन्। मुख्य पात्र सुमित्रा तामाङ डुमजन हुन भने दोश्रो मुख्य पात्रे खोज मिडियाका पत्रकार रजनी तामाङ रहेकी छन्।

गाउँकै दिदीबहिनीको कोरोस रहेको गितको भोकल दिपा तामाङ, शब्द-धन प्रसाद तामाङ, म्युजिक-प्रकास तामाङ तितुंग, एरेन्ज-पवन वाङ लामा, मिक्स- डिका गुरुङ, स्टुडियो-काठमाडौँ डिजिटल, भिडियो निर्माता-ताखोर तामाङ समाज, कलाकारहरु सुनिता तामाङ, रजनी तामाङ, शृंगार-त्रिस्ता थापा मगर, नृत्य-पूर्ण लामा, छायांकान/सम्पादन/कलर बज्र ड्यास्युर, प्राबिधिक-सन्तोस पराजुली, अर्जुन तिमिल्सिना, गोपाल तिमिल्सिना, एस एम एस, निर्देशक-बुद्ध लामा, ड्रेस-शिखर छहारी ड्रेस सेन्टर बेसी गाउँ, पोखरा कला केन्द्र, सिद्धार्थ चोक पोखरा, कोरोस नृत्य कलाकारहरु निता तामाङ, पवित्र तामाङ, अनु तामाङ, अन्जली तामाङ, मोनिका तामाङ, सलिन तामाङ, डिलु तामाङ, सुस्मा तामाङ, निमा तामाङ, समिक्षा तामाङ, प्रिती तामाङ रहेका छन्।

# रुपाको रुप फेर्ने युवा नेता पौडेलको भनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ बैशाख**

नेकपा एकिकृत समाजबादीले कास्कीको रुपा गाउँपालिकाको अध्यक्षको नाम सिफारिस गरेको छ।

यही वैशाख ३० गते हुने स्थानिय निर्वाचनको लागि हालै बसेको गाउँ पालिका कमिटिको बैठकले अध्यक्षमा कपिल पौडेललाई सर्वसम्वत रुपमा अध्यक्षमा सिफारिस गरेको हो।

रुपा गाउँपालिका ७ निवासी २४ बर्षीय पौडेल एकिकृत समाजबादीको हाल जिल्ला सचिवालय सदस्य, गाउँपालिका सहइन्चार्ज एवं रुपा गाउँ कमिटिका अध्यक्ष हुन्। पार्टीका पोलिट ब्यूरो सदस्य श्रीनाथ बराल, प्रदेश सदस्य गोकर्ण तिवारी, निर्वाचन क्षेत्रिय समन्वय कमिटिका



संयोजक दीननाथ ढकाल लगायतको सहभागितामा उक्त बैठक बसेको थियो।

कक्षा ९ मा अध्ययनकै क्रममा अखिलको प्रारम्भिक कमिटिको अध्यक्ष, २०६९ मा अखिलकै क्षेत्रिय सदस्य, २०७१ मा अखिलकै अध्यक्ष, २०७४ मा युवा संघका केन्द्रिय प्रचार विभाग सदस्य हुदै युवा संघका केन्द्रिय सदस्य भएका पौडेलले रुपा गाउँपालिकाको रुप फेर्ने गरी आफ्नो अध्यक्षमा उमेदवारी हुने बताए। रुपमा गाउँपालिकामा निर्णायक शत्तिको रुपमा आफ्नो पार्टीका मतदाताहरु भएको दाबी गर्दै युवा नेता पौडेलले समृद्धि रुपाको परिकल्पना सहित रुपाको रुप नै फेर्ने र आम रुपा गाउँपालिकाको स्थानियको जीवन स्तर उकास्ने गरी कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रमा बिषेश जोड दिने बताए।

पर्यटकीय सम्पदा तथा स्थलहरुको प्रबर्द्धन सहितको संरक्षण गर्दै रुपाको आर्थिक विकासको कृषि पछि पर्यटनलाई प्रथामिकता दिने योजना रहेको उनले बताए। कृषिमा आधुनिकिकरण व्यवसायीककरण, प्राविधिक तथा सिप मुलक शिक्षामा जोड, पछाडि परेका बर्गको उत्थान गर्ने आफ्नो मुख्य लक्ष्य रहेको पौडेलको भनाई छ।

# दलको चुनाव चिन्ह निर्धारण

**रासस**
**काठमाडौं, ४ बैशाख**

देशभरका ७५३ स्थानीय तहको यही वैशाख ३० गते हुने निर्वाचनका लागि चुनाव चिन्ह निर्धारण गरी मतपत्रमा समावेश गरिएको छ।

निर्वाचन आयोगकाअनुसार विस २०७४ को प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फ प्राप्त मत संख्याका आधारमा छ वटा राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलको निर्वाचन चिन्ह निर्धारण गरिएको हो। उक्त निर्वाचनमा नेकपा (एमाले)लाई ३१ लाख ७३ हजार ४९४, नेपाली कांग्रेसलाई ३१ लाख २८ हजार ३८९, नेकपा (माओवादी केन्द्र)लाई १३ लाख तीन हजार ७२१ र जनता समाजवादी पार्टी नेपाललाई नौ लाख ४२ हजार ४५५ मत प्राप्त भएको थियो।